आज मिति २०७५।१०।११ गते शुक्रबारका दिन दिउँसो १:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको अठ्ठाइसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरि बहादुर थपलिया, का.वा वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सुमन तामाङ, सह लेखापाल, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

निर्णयहरुः

१. लिखु गाउँ कार्यपालिकाको विभिन्न बैठकमा निर्णय भएका देहायका निर्णयहरु आउँदो पाँचौ गाउँसभामा प्रस्ताव पेश गर्ने ।

अ.लिखु गाउँपालिकाको जलश्रोत उपयोग सम्बन्धी विधेयक २०७५ सम्बन्धी प्रस्ताव

आ. देहायको योजना तथा कार्यक्रमहरुको चालू आ.व. २०७५।०७६ को लागि वार्षिक कार्यक्रम तथा बजेटमा उल्लेखित अन्य पूर्वाधार शीर्षकमा विनियोजित रकम अनुमोदनार्थ गाउँसभामा पेश गर्ने ।

क. बर्राफेदी राम्चे बोरापानी सडक ८०००००।-(आठ लाख)

ख. बर्राफेदी शेरा सडक मर्मतको चेक विविधि कारणले फ्रिज हुन गई गत आ.व. २०७४।०७५ मा साटिन नसकेकोले गत आ.व. मा नै मूल्यांकन भई सकेको रकम चालू आ.व.मा भुक्तानी दिने निर्णयलाई अनुमोदनार्थ पेश गर्ने ।

ग. वडा नं. ४ को वडा कार्यालयको जग्गा खरीदको लागि ७०००००।-(सात लाख)

घ. ढिकुरेपुल मान बहादुर गुरुवाचार्य बारी सम्मसम्म बाटो सफा गर्ने १४००००।-(एक लाख चालिस हजार)

ङ. शिव पाठकको घर जग्गा संरक्षणको लागि नदि डाइभर्सन( विपद व्यवस्थापन) ४००००(चालिस हजार)

च. ठाडो महादेव पाटी निर्माण लिखु ६ १५०,०००।-(एक लाख पचास हजार)

इ.लिखु गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५

२. अध्यक्षस्तरीय निर्णयबाट अन्य पूर्वाधार शीर्षकमा विनियोजित रकमबाट कार्यान्वयन भएका देहायका अत्यावश्यक योजनाहरु अनुमोदनार्थ गाउँसभामा पेश गर्ने ।

| | |
|---|---|
| १. कोइरालाटोल खापा इनार लिखु ०५ | रु एक लाख |
| २ थापाटोल खापा लिखु ०५ | रु दुई लाख |
| ३. मगरखोला सोती टोल सिंचाई, लिखु ०४ | रु पचास हजार |
| ४. जोगीखोला अर्चले पुछार मुहान गरी कमलेसाठी खानेपानी, लिखु ०६ | एक लाख पच्चीस हजार |
| ५. शेराडिल हुँदै वडा कार्यालय बाटो र टारका वनबाट वच्छला विद्यालय सडक | रु एक लाख |
| ६. महादेवटार खा.पा. निर्माण, लिखु ०५ | रु दुई लाख |

३. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन ईकाई, गजुरी धादिङको मिति २०७५।१०।०२ च.नं. २२ को पत्रानुसार सामाजिक विकास मन्त्रालय ( प्रदेश नं. ३) को आ.व. २०७५।०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत लिखु गा.पा.को ४ नं. वडामा रु पचास लाख को कभर्ड हल निर्माण गरिने व्यहोराको पत्र प्राप्त भएकोमा सो कभर्ड हल लिखु गाउँपालिकाको वडा नं. ५ स्थित कित्ता नं. ३०० को पूर्वी भागमा वडा कार्यालयले सिफारिश गरे बमोजिमको चारकिल्ला भित्रको कल्छे चौरमा निर्माण गर्ने सुनिश्चितता सहितको निर्णय गरियो ।

४.क. लिखु गाउँपालिका वडा नं. ४ निवाशी लोकेन्द्र शाहको घरमा मिति २०७५।०८।०५ गते विद्युत मिटरको तार सर्ट भई आगलागी भएको र अन्दाजी रु एघारलाख बहत्तर हजार बराबरको क्षति भएको भनी प्रहरी मुचुल्का सहित राहत माग भै आएको हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिश बमोजिम विपद व्यवस्थापन शीर्षकमा उक्त वडामा विनियोजित रकम मध्येबाट रु असी हजार राहत उपलब्ध गराउन कार्यपालिकालाई सिफारिश भए बमोजिमको राहत वडा नं. ४ मा विनियोजित सम्बन्धित शीर्षकबाट उपलब्ध गराउने ।